# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश,
नेपाल ।

पत्र संख्या :- ०८०/८१
चलानी नं. :- १२२१

मिति :- २०८०/०९/२२

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

जो जससँग सम्बन्धित छ

विषय : व्यवसाय विकास सेवा प्राप्त गर्नको लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना

अष्ट्रेलियन सरकार, द एसिया फाउण्डेसनको स्थानीय सरकार सवलीकरण परियोजना अर्न्तगत भीमेश्वर नगरपालिका, दोलखा उद्योग वाणिज्य संघ र इन्भेष्ट इन्फ्रा लि सँगको साझेदारीमा व्यवसाय विकास सेवा प्रदान गर्ने परियोजनाको लागि भएको सम्झौता अनुसार भीमेश्वर नगरपालिका भित्र व्यवशाय दर्ता भई सञ्चालनमा रहेका साना तथा मझौला उद्यमहरु मध्येबाट ५ वटा उद्यम छनौट गरी व्यवसाय विकास सेवा प्रदान गर्न पर्ने भएको हुँदा कम्तीमा एक वर्षको सञ्चालन अनुभव भएका र भीमेश्वर नगरपालिकामा उद्योग तथा व्यवशाय दर्ता भएका उद्यम व्यवसायहरुलाई आवेदन खुला गरिएको छ । आवेदन फाराम भीमेश्वर नगरपालिका, आर्थिक विकास शाखा, र दोलखा उद्योग वाणिज्य संघबाट उपलब्ध गराइने छ । मिति २०८० माघ ७ गते भित्र आवेदन पेश गरिसक्नु पर्नेछ । अनलाइन आवेदन दिनको लागि क्यूआर कोड स्क्यान गर्न सकिनेछ । थप जानकारीको लागि यसैसाथ संलग्न ब्रुसियर पढ्न वा भीमेश्वर नगरपालिका, आर्थिक विकास शाखा, र दोलखा उद्योग वाणिज्य संघमा सम्पर्क गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

यदि छनोट भएमा

## तपाईंले कस्तो प्रकारको फाइदाहरू पाउनुहुनेछ ?



### १.रणनीतिक योजनाको विकास

तपाईंको वर्तमान व्यावसायिक गतिविधिहरुको मूल्याङ्कनको आधारमा, उद्यमको दिगो आर्थिक विकासका लागि दीर्घकालीन योजना र रणनीतिहरु तयार गर्ने मौका पाउनुहुनेछ ।



### २. विशेषज्ञहरूसँग अन्तरक्रियाको अवसरहरू:

विभिन्न मूल्य श्रृंखला (value chain) का अनुभवी विशेषज्ञहरु र उद्यमीहरुसँग अन्तरक्रिया (networking) गर्ने अवसर पाउनुहुनेछ ।



### ३. कानुनी मान्यताका मार्गदर्शन:

उद्यम सम्बन्धित कुनै पनि स्थानीय कानुनहरुको ( जस्तै - श्रम सम्बन्धित नीति, कर, शिक्षा, कानुनी पालना र व्यापारिक सम्झौता) बारेमा सरल मार्गदर्शन प्राप्त गर्नु सक्नुहुनेछ ।



### ४. बजारीकरण र ब्रान्डिङमा सल्लाह

बजारीकरण - (Marketing र ब्रान्डिङको -Branding) क्षेत्रमा मार्गदर्शन प्राप्त गरी, आफ्नो नगरपालिका भित्र र बाहिर बिक्री वितरण विस्तार गर्न तथा आफ्नो उद्यमको ब्रान्ड (Brand) पहिचान बढाउन सक्नुहुनेछ ।



### ५. प्रविधि अपनाउन मार्गदर्शन

उद्यम विस्तारका लागि नयाँ प्रविधिहरु अपनाउन सहायता, मार्गदर्शन तथा प्रशिक्षणमा सहयोग प्राप्त गर्न सक्नुहुनेछ ।



### ६. बाहिरी लगानी आकर्षण गर्नका लागि क्षमता विकास

प्रभावकारी नगद व्यवस्थापन गर्नमा, वित्तीय मोडलिङ बनाउनमा र स्मार्ट (smart) व्यवसायिक निर्णयहरु लिनलाई सक्षम भई, बाहिरी लगानीकर्ताहरूलाई आकर्षित गर्नुहुनेछ ।



### ७. नीतिगत सुझाव प्रस्ताव राख्ने मौका

नगरपालिकालाई उद्यम विकासको लागि तपाईंका समस्या र सुझावहरूले नीतिगत निर्णयहरु लिन मद्दत पुग्नेछ ।

स्थानीय सरकार सबलीकरण

Australian Aid — The Asia Foundation

The Australian Government – The Asia Foundation Partnership in Nepal

DCCI

Invest & Infra — Excellence Assured

फारम भरिसकेपछि तपाईंले नगरपालिका कार्यालय वा दोलखा उद्योग वाणिज्य संघ कार्यालयमा माघ ७, २०८० गते सम्ममा बुझाउन सक्नुहुनेछ । यस मिति पछि कुनै पनि आवेदनहरु स्वीकार गरिने छैन। आवेदकले फारम अंग्रेजी वा नेपालीमा भरेर बुझाउनु पर्नेछ।

## थप जानकारीका लागि

सम्पर्क नम्बर - ९८४३०३०४०० / ९८६०५५८७२३

फेसबूक - https://m.facebook.com/investandinfra



# भीमेश्वरका अग्रणी उद्यमीहरुका लागी

## के तपाई भीमेश्वरका अग्रणी उद्यमीहरुमा पर्नुहुन्छ ?

यदि हो भने, हामी भीमेश्वरमा उच्च वृद्धि सम्भावना भएका ५ वटा वातावरण-मैत्री उत्पादन गर्ने साना तथा मझौल उद्योगहरु (SMEs) खोजिरहेका छौं ।

## किन ?

अष्ट्रेलियन सरकारको विदेशी मामिला तथा व्यापार विभाग र द एसिया फाउण्डेशनको स्थानीय सरकार सबलीक कार्यक्रम अन्तर्गत, भीमेश्वर नगरपालिका, दोलखा उद्योग वाणिज्य संघ र इन्भेस्ट एन्ड इन्फ्रा (Invest & Infr सँग सहकार्य गर्दै उच्च वृद्धि सम्भावना भएका ५ साना तथा मझौला उद्योगहरु (SMEs) लाई व्यवसाय विकास सेवाहरु प्रदान गर्दैछौ । उक्त ५ उद्यमीहरुलाई आवेदन प्रक्रिया मार्फत छनोट गरी उनीहरुको आवश्यकता अनुसार लागि प्राविधिक र व्यवस्थापन सम्बन्धी सेवाहरु प्रदान गर्दैछौं । अनुभवी विशेषज्ञहरुद्वारा परामर्श मार्फत प्रदान सेवाहरुमा सञ्चालन, व्यवस्थापन, स्थानीय कानुनी, बजार बिस्तार र वित्त सम्बन्धी विभिन्न व्यवसाय विकासका पुग्ने सेवाहरु समावेश हुनेछन् । यदि इच्छुक हुनुहुन्छ भने, आजै आवेदन फारम भर्न आमन्त्रण गर्दछौं ।

## कस-कसले आवेदन दिन सक्छन् ?

उद्यमी आवेदकहरु नगरपालिका तथा नगरपालिका भित्र पर्ने वडाहरुमा दर्ता भएका हुन पर्छन्, र उद्यमहरुसँग कम्तीमा एक वर्षको सञ्चालन अनुभव आवश्यक हुनुपर्छ।

वातावरण-मैत्री उत्पादन गर्ने उद्यमहरुका आवेदकहरुलाई प्राथमिकता दिइने छ।

साथै, यदि तपाईंको उद्यम महिला उद्यमी, सीमान्तकृत समुदायका व्यक्तिहरु वा अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्वमा छ वा उद्यममा आबद्धता छ भने तपाईंको आवेदनलाई प्राथमिकता दिइने छ।

## कसरी आवेदन दिन सकिन्छ ?

पहिले तपाईंले आवेदन फारम भर्नुपर्नेछ तपाईंले नगरपालिका कार्यालय वा दोल उद्योग वाणिज्य संघ कार्यालयबाट प्राप्त सक्नुहुनेछ र फारम भरिसकेपछि सोहि कार्यालयहरुमा बुझाउन सक्नुहुनेछ ।

यदि अनलाइनबाट फारम भरेर बुझाउ चाहनुहुन्छ भने, यो QR code सक्या फारम भर्न सक्नुहुनेछ। यस फारम भ लागि कुनै शुल्क लाग्दैन।